**आकाशवाणी समाचार- नेपाली**

मितिः २५ मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

1. राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा 66 विशिष्ट व्यक्तिहरूलाई वर्ष 2026 को पद्म पुरस्कार प्रदान गर्नु हुनेछ। कार्यक्रममा प्रधानमन्त्री नरेन्द्र मोदी, उपराष्ट्रपति सीपी राधाकृष्णन, गृहमन्त्री अमित शाह पनि उपस्थित रहनु हुनेछ ।
2. पश्चिम बंगालमा भारतीय जनता पार्टीका उम्मेदवार देबाङ्शु पाण्डाले **फाल्ता** विधानसभा सिटमा एक लाख भन्दा बढी मतको अन्तरले विजय हासिल गर्नु भएकोमा प्रधान मन्त्री नरेन्द्र मोदीले बधाई दिनु भएको छ ।
3. मुख्यमन्त्री शुभेन्दु अधिकारीको निर्देशनपछि कोलकाता महानगरपालिकाले भ्रष्टाचारमा 'शून्य सहनशीलता' अर्थात् 'जीरो टॉलरेंस' नीतिको एक भागको रूपमा हिज बिहान कोलकातामा अवैध निर्माणहरू विरुद्ध ठूलो बुलडोजर एक्शन शुरू गर्यो।
4. पश्चिम बंगालमा चुनावपछि भएको हिंसाको मामिलामा कारबाही भइरहेको छ । राज्यको शिवपुर चौरा बस्तीमा चुनावपछि भएको हिंसाको घटनामा मुम्बईबाट पक्राउ परेका तिन जनालाई हावडा ल्याइएको छ ।
5. नवान्नमा गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष बिमल गुरुङ, महासचिव रोशन गिरि अनि बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीबीच आज हुने महत्वपूर्ण भेटघाट केहि दिनको निम्ति स्थगित गरिएको छ ।

**राष्ट्रपति पदम पुरस्कार**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा 66 विशिष्ट व्यक्तिहरूलाई वर्ष 2026 को पद्म पुरस्कार प्रदान गर्नु हुनेछ। कार्यक्रममा प्रधानमन्त्री नरेन्द्र मोदी, उपराष्ट्रपति सीपी राधाकृष्णन, गृहमन्त्री अमित शाह पनि उपस्थित रहनु हुनेछ । आज दुई पद्मविभूषण, छ पद्मभूषण र 58 पद्मश्री सम्मान प्रदान गरिने छ । राष्ट्रपति मुर्मुले वर्ष 2026 का लागि 1 सय 31 पद्म पुरस्कार स्वीकृत गर्नु भएको छ । यसमा पाँच पद्म विभूषण, 13 पद्म भूषण र 1 सय 13 पद्मश्री सम्मान समावेश छन्। रहल पद्म पुरस्कार समारोहको दोस्रो चरणको अन्त्यमा प्रदान गरिनेछ ।

पद्म पुरस्कारको घोषणा हरेक वर्ष गणतन्त्र दिवसको अवसरमा गरिन्छ । यो प्रतिष्ठित नागरिक पुरस्कार कला, सार्वजनिक हित र समाज सेवा, साहित्य र शिक्षा, विज्ञान र इन्जिनियरिङ, व्यापार र उद्योग, चिकित्सा, खेलकुद आदिको क्षेत्रमा विशिष्ट उपलब्धिहरूको लागि प्रदान गरिन्छ। यो पुरस्कार असाधारण र सराहनीय सेवाका लागि पद्मविभूषण, विशिष्ट सेवाका लागि पद्मभूषण र कुनै पनि क्षेत्रमा विशिष्ट सेवाका लागि पद्मश्रीबाट सम्मानित गरिन्छ। पद्म पुरस्कारले समाज र देशको लागि अद्वितीय सेवाको प्रेरणा दिन्छ, समाजका वंचित र दलित समुदायहरू, आदिवासी समुदायहरू र दुर्गम र दुर्गम क्षेत्रका मानिसहरूबाट पनि चयन गरिन्छ।

**पीएम-फाल्ता**

प्रधान मन्त्री नरेन्द्र मोदीले भारतीय जनता पार्टीका उम्मेदवार देबाङ्शु पाण्डालाई फाल्ता विधानसभा चुनावमा रिकॉर्ड अंतरले विजयी भएकोमा बधाई दिनु भएको छ । एक सामाजिक सञ्जाल पोस्टमा श्री मोदीले भन्नुभयो, यो विजयले पश्चिम बङ्गालका जनताको भाजपाप्रति अटुट विश्वासलाई प्रतिबिम्बित गर्दछ। उहाँले पश्चिम बंगालका भाजपा कार्यकर्ताहरूको कडा परिश्रम र उत्कृष्ट कार्यको सराहना गर्नु भयो। सबै कार्यकर्ताले राज्यको प्रगतिको लागि निरन्तर काम गर्ने उहाँले आशा व्यक्त गर्नु भयो ।

**फाल्ता परिणाम**

पश्चिम बंगालमा भारतीय जनता पार्टीका उम्मेदवार देबाङ्शु पाण्डाले **फाल्ता** विधानसभा सिटमा एक लाख भन्दा बढी मतको अन्तरले विजय हासिल गर्नु भएको छ । उहाँका निकटतम प्रतिद्वन्द्वी भारतीय माक्र्सवादीका शम्भुनाथ कुर्मीलाई १ लाख ९ हजार २१ मतको अन्तरले पराजित गर्नुभयो । कांग्रेसका अब्दुर्रज्जाक तेस्रो अनि तृणमूल कांग्रेसका जहांगीर खान चौथो स्थानमा रहे । फाल्ता सीट तृणमूल कांग्रेसको गढ मानिन्थ्यो ।

पश्चिम बंगाल विधानसभा चुनावमा धाँधली भएपछि चुनाव आयोगले फाल्तामा पुनः मतदान गराउने आदेश दिएको थियो। 21 मईमा पुनः मतदान भएको थियो। अब राज्य विधानसभाको 294 सिटमा भाजपाका विधायकको संख्या 208 पुगेको छ।

## भ्रष्टाचार - 'जीरो टॉलरेंस' नीति

मुख्यमन्त्री शुभेन्दु अधिकारीको निर्देशनपछि कोलकाता महानगरपालिकाले भ्रष्टाचारमा 'शून्य सहनशीलता' अर्थात् 'जीरो टॉलरेंस' नीतिको एक भागको रूपमा आइतबार बिहान कोलकातामा अवैध निर्माणहरू विरुद्ध ठूलो बुलडोजर एक्शन शुरू गर् यो। तिलजला, बेलेघाटा र कस्बा क्षेत्रमा ठूलो संख्यामा पुलिसको उपस्थितिमा अवैध भवनहरु भत्काइएको छ। तिलजलाको 66 नम्बर वार्डमा आगोमा परी दुई जनाको मृत्यु भएको निगमको टोलीले नियमविपरीत बनेका अवैध कलकारखाना र भवन भत्काउन शुरु गर्यो। यसरि नै बेलेघाटास्थित पूर्वी कुरिया रोडमा एक प्रभावशाली नेताको निर्माणाधीन रहेको अवैध भवन नोटिस अवधि सकिएपछि डोजरले भत्काइएको छ। जमीन घोटालामा पक्राउ परेका सोना पप्पुको क्षेत्रमा रहेको पाँच तले अवैध भवनमाथि पनि कारबाही गरिएको छ। यसैबीच महिला, बाल कल्याण तथा शहरी विकास मन्त्री अग्निमित्रा पाल आफैं घटनास्थलमा पुगेर स्थितिको जायजा लिनु भयो र अधिकारीहरूलाई कारबाहीको क्रममा नजिकैका घरहरूलाई क्षति नपुर्याउन निर्देशन दिनु भयो।

## हज तीर्थयात्रा

पश्चिम एशियामा क्षेत्रीय तनाव बीच वार्षिक पांच दिवसीय हज यात्रा आज शुरू हुदै छ, जसमा भारत सहित विश्व भरिबाट 1.6 मिलियन भन्दा अधिक अधिक मुसलमान पवित्र शहर मक्का देखि सऊदी अरबको मीना शहरमा भेला हुन आफ्नो यात्रा शुरू गर्दैछन्। उनीहरुले त्यहाँ रात बिताउनेचन अनि हज पाठको दिन मुख्य अनुष्ठानको लागि भोलि बिहान अराफातको मैदानी क्षेत्र तर्फ अघि बढ्ने छन्। यस वर्षको हज यात्रामा भारतबाट लगभग एक लाख पचहत्तर हजार तीर्थयात्रीहरु सहभागी हुँदैछन्।

## राज्यमा चुनाव पछिको हिंसामा कारवाही

पश्चिम बंगालमा चुनावपछि भएको हिंसाको मामिलामा कारबाही भइरहेको छ। राज्यको शिवपुर चौरा बस्तीमा चुनावपछि भएको हिंसाको घटनामा मुम्बईबाट पक्राउ परेका तिन जनालाई हावडा ल्याइएको छ। पक्राउ पर्नेहरुमा तृणमूलका नेता शमीम अहमद उर्फ बडे पनि छन्। प्पुलिस अनुसार सात मईमा तृणमूलका नेता शमीम अहमद र अन्य नेताको नेतृत्वमा लगभग एक सय पचास जनाले शिवपुरमा रहेको हावडा जिल्ला अध्यक्ष सिकंदर खानको घरमा आक्रमण गरेका थिए। यस क्रममा यी मानिसहरुले देशी बम फ्याँकेका थिए र अन्धाधुन्ध गोली चलाएका थिए। घटनामा चार जना घाइते भएका थिए। उक्त घटनामा तृणमूल नेता सहित तीन आरोपीलाई ट्रान्जिट रिमाण्डमा हावडा ल्याइएको छ।

चुनावपछि भएको हिंसामा पक्राउ परेकाहरु मध्ये तृणमूलका केही स्थानीय कार्यकर्ता र नेताहरू पनि छन्। क्यानिङ क्षेत्रमा तृणमूलकी नेता अरित्रा बोसलाई भाजपा कार्यकर्तामाथि गोली चलाएको आरोपमा पक्राउ गरिएको छ।

## पश्चिम बंगालका मुख्यमन्त्री संगको भेटघाट केहि दिनको निम्ति स्थगित !

नवान्नमा गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष बिमल गुरुङ, महासचिव रोशन गिरि अनि बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीबीच आज हुने महत्वपूर्ण भेटघाट २४ फरगनाको चर्चित फाल्टा विधानसभा क्षेत्रको बाइ इलेक्सनको परिणाम अनि भाजपाको जीतको कारण केहि दिनको निम्ति स्थगित गरिएको छ । आगामी नयाँ मन्त्री परिषद्को घोषणा पश्चात् गोजमुमो शीर्ष नेतृत्व अनि बङगालका मुख्यमन्त्री बीच भेटघाट सम्पन्न हुने जानकारी प्राप्त भएको छ।

***उक्त भेटघाटलाई पहाड, तराई तथा डुवर्सको राजनीतिक भविष्यसँग जोडेर हेरिएको छ। विशेषगरी दीर्घकालीन राजनीतिक समस्या समाधान, जनताको अधिकार, क्षेत्रीय विकास तथा स्थायित्वका विषयमा गम्भीर छलफल हुने सम्भावना रहेको बताइएको छ।***

***राजनीतिक वृत्तमा यस बैठकलाई निकै महत्वका साथ हेरिएको छ, किनकि पछिल्लो समय पहाडको राजनीतिक परिस्थितिमा देखिएको अस्थिरता र जनआकांक्षालाई सम्बोधन गर्न दुवै पक्षबीचको संवाद निर्णायक बन्न सक्ने विश्वास***

*गरिएको छ।*

***यस बैठकबाट पहाड, तराई अनि डुवर्सका जनताले सकारात्मक सन्देश र ठोस निष्कर्षको अपेक्षा गरेका छन् भन्ने जानकारी गोर्खा जनमुक्ति मोर्चा महासचिव जानकारी दिएका छन् ।***

**<u>डायमंड हार्बर मॉडल शुभेंदु अधिकारी</u>**

फाल्ता विधानसभा पुर्नमतदानको परिणाम घोषित हुन साथै पश्चिम बंगालका मुख्यमंत्री शुभेंदु अधिकारीले तृणमूल कांग्रेस माथि कडा प्रहार गर्नु भएको छ । सोशल मीडिया पोस्टमा उहाँले तृणमूलको “डायमंड हार्बर मॉडल” लाई “हार-बार अर्थात् हार्ने मॉडल” भन्नु हुदै पार्टी नेतृत्वमाथि कडा प्रहार गर्नु भएको छ I

यद्धपि उहाँले कसैको नाम लिनु भएन, तर उहाँको बयानलाई तृणमूलको राष्ट्रीय महासचिव तथा डायमंड हार्बरका सांसद अभिषेक बनर्जी माथि गरिएको हमला मानिन्दै छ । चुनाव प्रचार अवधि अभिषेक बनर्जीले लगातार “डायमंड हार्बर मॉडल” का उल्लेख गरेका थिए । मुख्यमंत्रीले भाजपा उम्मीदवार देबांशु पांडाको ठुलो अन्तरको जीत प्रति मतदाताहरुलाई धन्यवाद दिनु भएको छ ।

****** ० ******